अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शिक्षा शाखा**
शनिश्चरे, झापा
१ नं. प्रदेश, नेपाल

## बिषय : सूचना । सूचना ॥ सूचना ॥

शैक्षिक सत्र २०७५ देखि संस्थागत/सामुदायिक/धार्मिक विद्यालय सञ्चालन /तह थप/स्थान परिवर्तन/नाम परिवर्तन/कक्षा थप गर्न चाहने विद्यालय तथा सम्पूर्ण महानुभावहरुले मिति २०७४ फाल्गुण मसान्त भित्र र कक्षा थप गर्न चाहने विद्यालय तथा सम्पूर्ण महानुभावहरुले मिति २०७४ चैत्र १५ गते भित्र विद्यालय माग फाराम ३ प्रति भरी आवश्यक कागजात सहित फायल पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको कागजात पूरा नभएका दरखास्त फारामहरु दर्ता नहुने एवं म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

### <u>विद्यालय माग फारामसंग संलग्न हुनु पर्ने कागजातहरु:</u>

१ विद्यालय प्रस्तावना पत्र ।
२ सम्बन्धित वडा समितिको सिफारिस पत्र ।
३ विद्यालयको पञ्चवर्षीय योजना (आगामी ५ वर्षभित्र विद्यालयले सञ्चालन गर्नेशैक्षिक,भौतिक,आर्थिक गतिविधिहरुको लागि वजेट प्राप्त हुने स्रोत र अनुमानित आय-व्यय विवरण खुलाउनु पर्ने) ।
४ विद्यालय व्यवस्थापन समिति वा तदर्थ विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि ।
५ सबैभन्दा नजिकमा रहेका मागगरे बमोजिमको तह अनुमति/स्वीकृति प्राप्त गरेका कम्तिमा २ वटा सामुदायिक विद्यालयको सहमति पत्र ।
६ तोकिएको योग्यता पूरा भएका शिक्षकहरुलाई नियमानुसार नियुक्ति गरिएको पत्र,शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपिहरु ।
७ स्वीकृत लेखापरीक्षकबाट आय-व्यय लगायत विद्यालयको हर हिसाव परीक्षण गरी दिएको पछिल्लो वर्षको प्रतिवेदन ।
८ विद्यालयले निर्धारण गरेको कक्षागत शुल्क विवरण (वि.व्य.स.को निर्णय प्रतिलिपि सहित ) ।
९ माग गरिएको भन्दा तल्लो कक्षाको कक्षागत/तहगत अनुमति वा स्वीकृति पत्रको प्रमाणित प्रतिलिपिहरु ।
१० विद्यालयको नाममा भएको जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपि ।
११ नियमानुसारको धरौटी रकम जम्मा गरेको बैंक रसिदको प्रमाणित प्रतिलिपि ।
१२ नगरपालिकामा जम्मा गरेको भौचर ।

### (संस्थागत विद्यालयका लागि आवश्यक थप कागजातहरु)

१३ कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ताभएको वा गुठीमा सञ्चालन गरेकोभए गुठी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
१४ कम्पनी वा गुठीको प्रवन्ध पत्र र नियमावली ।
१५ संस्थापक र प्रिन्सिपलको शैक्षिक योग्यता र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
१६ विद्यालयमा अध्यापन गराइने कक्षागत एवं विषयगत प्रकाशन सहितको विवरण ( विद्यालयमा अध्यापन गरिने पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएको हुनु पर्नेछ ) ।
१७ विद्यालयमा कार्यरत शिक्षकको नाम, ठेगाना, जन्म मिति, शैक्षिक योग्यता, नियुक्ति मिति सहितको विवरण ।
१८ भाडाको भवन वा खेल मैदान प्रयोग गर्ने विद्यालयले घर वा जग्गा धनीसँग कम्तिमा ५ वर्षको लागि सम्झौता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
१९ आ.व.२०७३/०७४ को कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपि ।

पुनश्च:सामुदायिक विद्यालयका लागि रु.२०००।-,संस्थागत विद्यालयका लागि रु.५०००।-र गुरुकुल,गुम्वा,मदरसाका लागि रु.१०००।-यस कार्यालयमा जम्मा गरेको आम्दानी रसिदको सक्कलै प्रति पेश गरी मिति २०७४ फाल्गुण मसान्त सम्म कार्यालयबाट माग फाराम लिन सकिने व्यहोरा समेत अनुरोध छ ।

११।१५

जानुका गुरागाईं
शिक्षा अधिकृत